CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #६८

२२।६।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## २६४ स्थानीय तहको स्वास्थ्य सँस्था स्तरोन्नती गरी ५/१०/१५ शैयाको अस्पताल निर्माण गर्न रकम निकासा



**५** शैयाको अस्पतालका लागि **रु. ७० लाख**

**१०** शैयाको अस्पतालका लागि **रु. ८५ लाख**

**१५** शैयाको अस्पतालका लागि **रु. १ करोड**

| ५२ स्थानीय तहमा **५ शैयाको** अस्पताल निर्माण गर्न | १०५ स्थानीय तहमा **१० शैयाको** अस्पताल निर्माण गर्न | १०७ स्थानीय तहमा **१५ शैयाको** अस्पताल निर्माण गर्न |
|---|---|---|
| **रु. ३६ करोड ४० लाख** | **रु. ८९ करोड २५ लाख** | **रु. १ अर्ब ७ करोड** |

जम्मा रकम **रु २ अर्ब ३२ करोड ६५ लाख**

स्तरोन्नती हुने स्थानीय तहका पालिकाको पूर्ण विवरण यो लिंकमा हेर्न सक्नुहुनेछ https://cutt.ly/Wgro6fp

स्रोत: https://cutt.ly/ugrpyuY

## नेपाल अपडेट



नौमुले गाउँपालिकाका अध्यक्ष भद्रे बुढामगरले बुटवलबाट नयाँ खरिद गरेको एम्बुलेन्स आफै चलाएर गाउँपालिका लैजाँदै ।

तस्विर: गोबिन्द के.सी.

**परिक्षण**


पिसिआर परिक्षण: ११,३१,९५८

पोजेटिभ: ९८,६१७

उपचाररत: २६,६८४

मृत्यु : ५९०

सन्चो भएका : ७१,३४३




Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



दशैंमा घर जानेले १४ दिन क्वारेन्टाईनमा बस्नुपर्छ भन्ने समाचार आईरहेकाछन् । के साँचो हो ?

चाडबाडको समयमा मानिसहरुको आउजाउ बढी हुने भएकोले घरमा भएका ज्येष्ठ नागरिक तथा अन्य जोखिम वर्गलाई संक्रमण सर्ने सम्भावना बढी हुने भएकोले सकेसम्म आफु रहेकै स्थानमा चाडबाड मनाउन सरकारले सबैलाई अनुरोध गरेको हो । दशैंमा घर जाँदा १४ दिन क्वारेन्टाईनमा बस्नुपर्ने निर्णय सरकारले गरेको छैन । तर, जिल्ला संकट व्यवस्थापन केन्द्र तनहुँले भने दशैं मनाउन जिल्लामा जानेले १४ दिन क्वारेन्टाईनमा बस्नुपर्ने भनेर निर्णय गरेको छ । जुन विषयले विभिन्न समाचार माध्यमहरुमा स्थान पाएको थियो ।

स्रोत: https://www.facebook.com/setopati/videos/433560340942335



अब २५ जना भन्दा थोरै सहभागी हुनेगरी सभा गोष्ठि पनि गर्न पाउने हो ?

हैन, सरकारले सभा गोष्ठि सञ्चालन गर्न पाउने निर्णय गरेको छैन । तर, व्यवसायिक तालिम प्रदायक संस्थाहरुलाई २५ जना भन्दा कम सहभागी हुने गरी छोटो अवधिका व्यवसायिक तालिम मात्र सञ्चालन गर्न अनुमती दिएको हो । यस्ता तालिमहरु सञ्चालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट जारी गरिएको जनस्वास्थ्य एवम् सुरक्षा सम्बन्धी मापदण्डहरु पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

स्रोत: https://mocit.gov.np/categorydetail/2077-ashoj-19-cabinet



कोभिड - १९ को संक्रमणबाट मृत्यु भएका व्यक्तिले प्रयोग गरेका सामान फेरी प्रयोग गर्न मिल्नैन ?

कोभिड - १९ को संक्रमणबाट मृत्यु भएका व्यक्तिले प्रयोग गरेका, तर पुन: प्रयोगमा आउनसक्ने सामाग्रीहरु जस्तै: घडी, गरगहनाहरु ७०% अल्कोहल सेनिटाईजरले पुछी घाममा सुकाएर मात्र प्रयोग गर्न मिल्छ । त्यसै गरेर, मृतकले प्रयोग गरेका लत्ता कपडाहरु तातो पानी र साबुनमा भिजाएर धुने र घाममा सुकाएर पुन: प्रयोगमा ल्याउन सकिन्छ । यसरी प्रयोग भएका सामान पुन: प्रयोग गर्दा अत्यन्तै सावधानी अपनाउनु पर्दछ ।

स्रोत: https://drive.google.com/file/d/1dbTpfm5aysdY9utUcOXLEbuZ-VUxQ5y5/view



अहिले अस्पतालले आकस्मिक रुपमा अपरेसन गर्नुपर्ने बिरामीलाई हेर्दैनन् । हेर्ने परे पनि पिसिआर रिपोर्ट पर्खिन्छन नी ?

भर्खरै परिमार्जित कोभिड - १९ सम्बन्धी नेश्नल टेष्टिङ गाईडलाईन अनुसार आईसियुमा राख्नुपर्ने सबै बिरामी र सल्यक्रिया गर्नु पूर्व पिसिआर परीक्षण गर्नुपर्ने भनेको छ । तर, आकस्मिक सल्यक्रिया गनुपर्ने केसको सन्दर्भमा भने रिपोर्टलाई पर्खन नहुने भनेर स्पष्ट उल्लेख गरेको छ । यस्तो अवस्थामा सम्बन्धित स्वास्थ्यकर्मीले स्वास्थ्य सावधानी अपनाई सल्यक्रिया गर्नु पर्दछ ।

स्रोत: https://drive.google.com/file/d/1wrzHLdSDpLbAVsukYfS0HLeRS8m9XmTW/view

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19** को बारेमा बुझ्न नि:शुल्क हटलाईन


viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,३७,७११ संक्रमित | १,०८,७४३ संक्रमित | ७३,९३२ संक्रमित | १,२७,१८१ संक्रमित | १,०१,८४० संक्रमित | १,०३,४६५ संक्रमित | १३,९९३ संक्रमित | २४,४२२ संक्रमित |
| ४,१०७ नेपाली संक्रमित | १,७३५ नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २४,३०४ नेपाली संक्रमित | २,४०० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २ नेपाली संक्रमित |
| ५२ मृत्यु भएका नेपाली | ७ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३७ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## यूएईमा लागु भएका केही नयाँ नियमहरू

यूएईमा १ मार्च २०२० पछी र १२ जुलाई २०२० भन्दा पहिले भिषा सकीएकाहरुले यही १० अक्टोबर २०२० भित्र आफ्नो भिषा रिन्यू गरिसक्नु पर्नेछ, अथवा देश छोडिसक्नु पर्नेछ । अन्यथा जरिवाना लाग्नेछ । यदी कसैको भिषा रद्द भएको खण्डमा भने यो नियम लागु हुनेछैन । भिषा रद्द भएको अवस्थामा २८ दिन भित्रमा देश छोडिसक्नु पर्ने हुन्छ ।

यूएईको रास अल खैमामा अन्तराष्ट्रिय भिजिटरहरुको लागि नि:शुल्क कोभिड - १९ को परीक्षण गरिने भएको छ ।

यूएईको दुबई एयरपोर्टमा आउने प्याजेन्जरहरुको GDRFA अथवा ICA Approval महत्वपूर्ण हुने बताईएको छ । यदी ICA या GDRFA Approval नभएको खण्डमा एयरपोर्टमा समस्या भोग्न पर्ने हुन सक्छ ।

Air Arabia ले सारजाह र आबुधाबीबाट हुने आफ्ना उडानहरुमा कोभिड - १९ को परीक्षण नि:शुल्क उपलब्ध गराउने भएको छ ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च


**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

- औषधी तथा स्वास्थ्य उपकरण — रु. १,७५,५२,४०,०००
- क्वारेन्टाईन व्यवस्थापन — रु. ४,६९,४६,०००
- स्वास्थ्य बीमा — रु. २,९३,८८,९६,०००
- अन्य — रु. १,२४,७३,०००
- मानव स्रोत साधन परिचालन — रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च



# फ्रन्टलाईनर्स भोईसेस



## लेखनाथ पोखरेल

प्रमुख, छत्रदेब गाउँपालिका, अर्घाखाँची

"पालिका भित्र २८ जनामा संक्रमण देखिदा सुरुमा होटलले खाना खुवाउन नमान्ने, स्थानीयले अवरोध गर्ने लगाएतका समस्या आए । तर, आफै खाना बोकेर पनि क्वारेन्टाईनमा पुगेँ । पछि अबस्था सामान्य हुदै गयो । सिमा नाक(ाबाट आउने दाजुभाईलाई प्रदेश सरकारले सिधै पालिका पठाउने गरेका कारण निरन्तर समस्या आइरहयो । आफु कुनैपनि बेला संक्रमित हुने संभावना अहिले पनि छ । जनताको सेवक भएका कारण आफुलाई जे भए पनि पालिका भित्रका जनतालाई जोगाउने दायित्वबाट बिचलित भएको छैन । मेरा कारणले अरु संक्रमित हुन नपरोस भन्नेमा सचेत छुँ ।"

## सबिता पाण्डे

अहेव, गोनाहा स्वास्थ्य चौकी, मायादेबी गाउँपालिका, रुपन्देही



"लकडाउन सुरु भएको दिनदेखि नै क्वारेन्टाईन र आइसोलेशनको व्यवस्थ(ापन तथा उपचारमा खटिरहेकी छुँ । सुरुमा नै इन्चार्जलाई कोभिड पुष्टि भएपछि निक्कै डर लाग्यो । सात दिन भैरहवाको होटलमा आइसोलेशनमा बसे । पिसिआर रिपोर्ट नेभेटिभ आएपछि मात्रै घरमा आए । अहिले गाउँमा ज्वरो र सुख्खाखोकीका बिरामी निक्कै बढेका छन । उनीहरुलाई दैनिक सेवा दिइरहनु पर्दछ । बुटवलमा रहेको घरबाट ३४ किलोमिटरको दुरीमा रहेको स्वास्थ्य चौकीमा आउने जाने गरेकी छुँ । आफु संक्रमित भए भने २ जना छोराछोरीलाई कसरी सुरक्षीत राख्ने भन्ने चिन्ता छ ।"




## लक्ष्मण पाण्डे

प्रमुख प्रशासकीय अधिकृत, गुल्मीदरबार गाउँपालिका, गुल्मी

"कोरोना संक्रमितलाई पौष्टिक आहार प्रदान गर्ने र मनोपरामर्श दिने कार्यका लागि पालिका भित्र रहेका स्वास्थ्यकर्मीहरुलाई परिचालन गर्नुका साथै आप(ैपनि खटिने गरेको छु । पालिका भित्रका सबै वडाका बासिन्दासँग दिनहुँ सम्पर्क भइरहने भएका कारण कतिबेला संक्रमित भइन्छ भन्ने डर लाग्छ । स्वास्थ्य सुरक्षा अपनाउने र भौतिक दुरी कायम त गरेकै छुँ । तर, संक्रमणको संभावना उच्च छ । बुवा मधुमेहको बिरामी भएका कारण उहाँलाई सत्क्रमणबाट कसरी जोगाउने होला भन्ने चिन्ता लाग्छ । दशैं तिहार नजिकिएकाले पालिका भित्र आवतजावत बढ्ने भएकाले जोखिमलाई नियन्त्रण गर्नका लागि आवश्यक रणनिती बनाउन जुटिरहेका छौं ।"

# नेपालमा संक्रमण पुष्ठि हुने दर डरलाग्दो तवरले बढ्दै

नेपालमा दुई हप्तामा देखिएको कुल परीक्षण मध्ये संक्रमण पुष्टि हुनेको संख्या





माथिको ग्राफमा गत दुई हप्तामा गरिएको दैनिक परक्षिण र संक्रमण पुष्टि भएको प्रतिशतलाई देखाईएको छ । यसले संक्रमण पुष्टि हुने दर हरेक दिन विस्तारै बढिरहेको देखाउँछ । असोज १८ गते हरेक ४ जनाको परीक्षण गर्दा एक जनामा कोभिड - १९ को संक्रमण पुष्टि भएको थियो । तर, यो अवधीमा परीक्षणको दर नबढ्नु र संक्रमितको संख्या बढ्नु भने डर लाग्दो कुरा हो । यो हेर्दा, सरकारको स्वास्थ्य निकायले भने भन्दा समुदाय स्तरमा कोभिड - १९ को संक्रमणको दर बढिरहेको देखिन्छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219